नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर

पत्र संख्या : २०८१।०८२ चलानी नं :

## प्रेस विज्ञप्ति

**विकल पौडेल तथा निजको श्रीमती एलिना बस्नेत उपर विदेशी विनिमय अपचलन कसुरमा काठमाडौं जिल्ला अदालतमा अभियोग दायर ।**

प्रतिवादी विकल पौडेलले नेपाल राष्ट्र बैङ्कको अनुमति/स्वीकृति नलिई विदेशी बैङ्कमा खाता खोली रकम जम्मा गर्ने, उक्त रकम श्रीमती लगायतको नाममा विदेशी बैङ्कमा जम्मा गर्ने र विदेशमा रहेका बैङ्क खातामा विभिन्न व्यक्तिबाट रकम जम्मा भएको/गराएको कारण प्रतिवादी विकल पौडेलले गैरकानूनी रुपमा विदेशी बैङ्कमा रकम जम्मा गरेको पुष्टि भएकोले प्रतिवादी विकल पौडेलले विदेशी विनिमय (नियममित गर्ने) ऐन, २०१९ को दफा ३, दफा ४क., दफा ५ को उपदफा (२), दफा ९ग., दफा १६ को उल्लङ्घन गरी नेपाल राष्ट्र बैङ्कले तोकिदिएको व्यवस्था विपरीत नेपाल वाहिर रहेको बैङ्कमा खाता खोली अवैध रुपमा रकम जम्मा गरेको देखियो। साथै प्रतिवादी विकल पौडेलले विदेशी विनिमय (नियममित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैङ्कबाट जारी गरिएको एकीकृत परिपत्र, २०८० को एकीकृत इ.प्रा. परिपत्र १७/२०८० को दफा २(ग) मा रहेको व्यवस्था विपरीत कार्य गरी विदेशी विनिमय अपचलन गरी कारोबार गरेको विदेशी मुद्रा (USD, SGD समेत) को जम्मा हुन आउने नेपाली रुपैया ६१,१३,२१,१५३।२० (अक्षेरेपी एकसट्ठी करोड तेह्र लाख एक्काइस हजार एक सय त्रिपन्न रुपैयाँ र बीस पैसा मात्र) अपचलन गरेको पुष्टि भएको पाइयो । अतः प्रतिवादी विकल पौडेललाई विदेशी विनिमय अपचलन गरी कारोबार गरेको विदेशी मुद्रा (USD, SGD समेत) को जम्मा हुन आउने नेपाली रुपैया ६१,१३,२१,१५३।२० (अक्षेरेपी एकसट्ठी करोड तेह्र लाख एक्काईस हजार एक सय त्रिपन्न रुपैयाँ र पैसा बीस मात्र) बिगो कायम गरी सोही ऐनको दफा १७ बमोजिम ३ गुणाले गणना हुने विगो रु १,८३,३९,६३,४५९।०० अक्षरेपी एक अर्व त्रियासी करोड उनन्चालिस लाख त्रिसट्ठी हजार चार सय उनन्साठी रुपैयाँ) समेत सजाय हुन मागदाबी लिई मिति २०८१।०६।१४ गते काठमाडौं जिल्ला अदालतमा अभियोग दायर गरिएको छ ।

प्रतिवादी विकल पौडेलको श्रीमती एलिना बस्नेतले प्रतिवादी विकल पौडेलले गरेको अवैध विदेशी मुद्राको कारोबार गर्ने कार्यमा संलग्न देखिएकोले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३, दफा ४क., दफा ५ को उपदफा (२), दफा ९ग., दफा १६, ऐ.ऐनको दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैङ्कबाट जारी गरिएको एकीकृत परिपत्र, २०८० को एकीकृत इ.प्रा. परिपत्र १७/२०८० को दफा २(ग) मा रहेको व्यवस्था विपरीत कार्य गरी कसुर गरेकोले प्रतिवादी एलिना बस्नेतलाई फरार कायम गरी अमेरिकी डलर १,२९,०००।०० को जम्मा हुन आउने नेपाली रुपैया १,५२,७०,७४०।०० (अक्षेरेपी एक करोड वाउन्न लाख सत्तरी हजार सात सय चालीस मात्र) लाई बिगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७ बमोजिम रु. ४,५८,१२,२२०।०० (अक्षेरेपी चार करोड अन्ठाउन्न लाख बाह्र हजार दुई सय बीस मात्र) सजाय हुन मागदाबी लिई प्रतिवादी एलिना बस्नेतलाई समेत काठमाडौं जिल्ला अदालतमा अभियोग दायर गरिएको छ ।

मितिः २०८१ साल असाज १४ गते सोमबार ।

२०८१/०६/१४

उपमहानिर्देशक तथा प्रवक्ता